केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/०२/०७०/७१ मिति: २०७१/०६/०७

**"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुको लागि देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ ।
*"इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरधनीहरुलाई एउटै संस्थापक समूहमा राख्नु पर्नेछ । यो निर्देशन जारी हुँदा कुनै बैंक तथा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा सो अनुसारको व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्बन्धी प्रस्ताव पारित गरी संशोधन गर्नुपर्ने छ ।"*

२. यस बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७१ को बुँदा नं. ३.२ को खण्ड (ग) मा देहायको अनुच्छेद थप गरिएको छ ।
*"बैंक तथा वित्तीय संस्था नभएका गा.वि.स.हरुमा लघुवित्त वित्तीय संस्थाहरुबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न रु. ५ लाखसम्म कर्जा प्रदान गर्न सकिने छ ।"*

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

**बोधार्थ :**
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं ।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
७. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।